// स्थानीय राजपत्र

पालुङटार नगरपालिकाद्धारा प्रकाशित

खण्ड ०८) पालुङटार, असोज १० गते, २०८१ साल (संख्या ४

पालुङटार नगरपालिकाको नगर कार्यपालिकाले पारित गरेको तल लेखिए बमोजिमको कार्यविधि स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (३) बमोजिम आम नागरिकको जानकारीको लागि प्रकाशन गरिएको छ ।

## भाग २

## खेलकुद तथा संगीत प्रशिक्षक छनौट तथा परिचालन कार्यविधि, २०८१

कार्यपालिकाबाट स्वीकृत मितिः २०८१।०६।१०

**प्रस्तावनाः** खेलकुदको माध्यमबाट विद्यालयस्तरदेखि नै विद्यार्थीको शारीरिक तथा मानसिक विकास गरी खेलकुद तथा संगीत प्रति आकर्षित गर्दै सक्षम, अनुशासित, उच्च क्षमतावान तथा योग्य जनशक्ति तयार गर्नको लागि खेलकुद तथा संगीत सम्बन्धी स्थानीय स्तरमा तालिम सञ्चालन गरी सबै किसिमको खेलकुद तथा संगीत कार्यक्रम आयोजना गर्न तथा अन्तर स्थानीय तह स्तर, जिल्ला स्तर, प्रदेश स्तर, राष्ट्रिय स्तर एवं राष्ट्रपति रनिङ शिल्डहरुमा हुने विभिन्न खेलकुद तथा संगीत प्रतियोगिताहरुमा विद्यार्थीहरुको उपयुक्त सहभागिता गराउने उद्देश्यले प्रशिक्षक छनौट तथा परिचालन कार्यलाई व्यवस्थित गर्न पालुङटार नगरपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ को दफा ४ ले दिएको अधिकार प्रयोग गरी पालुङटार नगर कार्यपालिकाले यो कार्यविधि बनाएको छ ।

## परिच्छेद १
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ :** (१) यो कार्यविधिको नाम "खेलकुद तथा संगीत प्रशिक्षक छनौट तथा परिचालन कार्यविधि, २०८१" रहेको छ ।

(२) यो कार्यविधि पालुङटार नगर कार्यापालिकाबाट स्वीकृत भएको मितिदेखि लागु हुनेछ ।

**२. परिभाष :** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :-

(क) "कार्यविधि" भन्नाले खेलकुद तथा संगीत प्रशिक्षक छनौट तथा परिचालन कार्यविधि, २०८१ सम्झनु पर्दछ ।

(ख) "कार्यपालिका" भन्नाले पालुङटार नगर कार्यपालिकालाई सम्झनु पर्दछ ।

(ग) "छनौट समिति" भन्नाले दफा ५ बमोजिमको समितिलाई सम्झनु पर्दछ ।

(घ) "नगरपालिका" भन्नाले पालुङटार नगरपालिकालाई सम्झनु पर्दछ ।

(ङ) "नगर उपप्रमुख" भन्नाले पालुङटार नगरपालिकाको उपप्रमुखलाई सम्झनु पर्दछ ।

(च) "नगर प्रमुख" भन्नाले पालुङटार नगरपालिकाको नगर प्रमुखलाई सम्झनु पर्दछ ।

(छ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले पालुङटार नगरपालिकाको प्रशासकीय प्रमुखलाई सम्झनु पर्दछ ।

(ज) "प्रशिक्षक" भन्नाले यस कार्यविधि बमोजिम छनौट तथा परिचालन गरिने खेलकुद तथा संगीत प्रशिक्षकलाई सम्झनु पर्दछ ।

(ञ) "विषय विज्ञ" भन्नाले प्रशिक्षक भर्नाको लागि छनौट गरिएको विज्ञ सम्झनु पर्दछ ।

(ट) "शाखा" भन्नाले पालुङटार नगरपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखालाई सम्झनु पर्दछ ।

(ठ) "शैक्षिक संस्था" भन्नाले पालुङटार नगरपालिका भित्रका सामुदायिक विद्यालय सम्झनु पर्दछ ।

**३. उद्देश्य :** यस कार्यविधिको उद्देश्य देहाय बमोजिम हुनेछ :-

(१) विद्यालयस्तरदेखि नै विद्यार्थीको शारीरिक तथा मानसिक स्वास्थ्यमा विकास गर्ने,

(२) स्थानीय तह स्तर, जिल्ला स्तर, प्रदेश स्तर, राष्ट्रिय स्तर एवं राष्ट्रपति रनिङ शिल्डहरुमा हुने विभिन्न खेलकुद तथा संगीत प्रतियोगिताहरुमा विद्यार्थीहरुको उपयुक्त सहभागिता गराउने,

(३) विद्यार्थीहरुको प्रतिभा प्रस्फुटन गर्ने ।

**४. प्रशिक्षक परिचालनका क्षेत्र :** नगरपालिका क्षेत्र भित्रका सामुदायिक विद्यालयहरुमा आवश्यकता अनुसार प्रशिक्षक परिचालन गरिनेछ ।

## परिच्छेद २

## खेलकुद तथा संगीत प्रशिक्षक छनौट समिति सम्बन्धी व्यवस्था

**५. प्रशिक्षक छनौट समिति गठन :** (१) यस कार्यविधि बमोजिम प्रशिक्षक छनौट गरी सिफारिस गर्न देहाय बमोजिमको एक छनौट समिति गठन हुनेछ :-

(क) प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृत स्तरको कर्मचारी - संयोजक

(ख) खेलकुद तथा संगीत विज्ञ १ जना वा आवश्यकता अनुसार विषय विशेषज्ञ - सदस्य

(ग) शिक्षा, युवा तथा खेलकुद शाखा प्रमुख वा निजले तोकेको अधिकृत स्तरको कर्मचारी - सदस्य सचिव

(२) उपदफा (१) बमोजिमको समितिले आवश्यक ठानेमा सम्बन्धित बिषय क्षेत्रको विज्ञ सदस्य थप गर्न सक्नेछ ।

(३) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि आवश्यकता अनुसार कार्यालयको निर्णय बमोजिम छनौट समिति गठन गर्न बाधा पर्ने छैन ।

**६. समितिको काम, कर्तव्य र अधिकार :** (१) समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) खुला प्रतिस्पर्धात्मक परीक्षाबाट प्रशिक्षक करारमा नियुक्ति गरी नगरपालिका समक्ष सिफारिस गर्न आवश्यक कार्य गर्ने,

(ख) परीक्षा सञ्चालनका लागि आवश्यक सूचना प्रकाशन गर्ने, प्रश्नपत्रको निर्माण गर्ने, प्रश्नपत्रको गोपनियता कायम गर्ने, लिखित र मौखिक परीक्षा सञ्चालन गर्ने, प्रश्नपत्र जाँच गर्ने र अन्तिम नतिजा प्रकाशनको लागि नगरपालिकालाई सिफारिस गर्ने,

(ग) प्रशिक्षक भर्नाका लागि पाठ्यक्रम निर्धारण गर्ने,

(घ) परीक्षा सञ्चालनका लागि आवश्यक जनशक्ति परिचालन गर्ने, व्यवस्थापकीय कार्यहरु गर्ने तथा गराउने,

(ङ) परीक्षालाई मर्यादित, स्वच्छ, निष्पक्ष एंव त्रुटिरहित तुल्याउन आवश्यक कार्यहरु गर्ने ।

(च) नगर कार्यपालिकासँग परीक्षा सञ्चालनको सम्वन्धमा आवश्यक समन्वय गर्ने/गराउने ।

(छ) परीक्षा सञ्चालनको लागि आवश्यक अन्य कार्यहरु गर्ने/गराउने ।

(२) समितिको बैठक सम्वन्धी कार्यविधि समितिले तोके बमोजिम हुनेछ ।

(३) समितिमा रहेका सदस्यहरुको कार्य विभाजन समितिको बैठकले तोके अनुसार हुनेछ ।

## परिच्छेद ४

## प्रशिक्षक छनौट तथा परिचालन सम्बन्धी व्यवस्था

**७. प्रशिक्षक परिचालनका आधार :** प्रशिक्षक परिचालन गर्दा देहायका आधारमा गरिनेछ :-

(१) माध्यमिक तह सञ्चालन भएका सामुदायिक विद्यालयहरुमा समय निर्धारण गरी प्रशिक्षकहरुको परिचालन गरिनेछ ।

(२) विद्यालयको नियमित पठनपाठनमा प्रतिकूल असर नपर्ने गरी विद्यालय प्रशासनको समन्वयमा आवश्यकता अनुसार प्रशिक्षण गरिनेछ ।

(३) ट्र्याक र फिल्डको विभिन्न खेल विधा तथा संगीत र नृत्यनाटकको निश्चित कार्यतालिका बनाई माध्यमिक तह सञ्चालन भएका प्रत्येक विद्यालयमा विद्यार्थीहरुलाई प्रशिक्षण गरिनेछ ।

८. **प्रशिक्षक छनौटमा लागि आवश्यक योग्यता :** (१) दफा ९ बमोजिम प्रकाशन हुने विज्ञापनमा दरखास्त पेश गर्नका लागि देहाय बमोजिमको योग्यता पुगेको हुनु पर्नेछ :-

(क) नेपाली नागरिक,

(ख) एस.एल.सी वा एस.ई.ई उत्तीर्ण गरेको,

(ग) सम्बन्धित खेल विधामा आधारभुत ज्ञान भएको,

(घ) संगीत प्रशिक्षकको रुपमा कार्य गर्न प्रमाणपत्र भएको,

(ङ) मानसिक सन्तुलन नबिग्रीएको,

(च) नैतिक पतन देखिने फौजदारी अभियोगमा कसुरदार नठहरिएको,

(छ) नियुक्ति हुँदाको बखत कुनै पनि राजनैतिक दलको सदस्यता नलिएको,

(ज) खेलकुद तथा संगीत प्रशिक्षक भई कार्यक्रम सञ्चालन गरेको भए सोको प्रमाणपत्रहरु तथा अन्य अनुभव सम्बन्धी कागजात भएको,

(२) उपदफा (१) बमोजिम योग्यता पुगेका उम्मेदवारले दरखास्ता पेश गर्दा स्थानीय उम्मेदवारलाई पहिलो प्राथमिकता दिईनेछ ।

९. **प्रशिक्षक छनौट प्रक्रिया :** (१) शिक्षा, युवा तथा खेलकुद शाखाले प्रशिक्षक संख्या र तह उल्लेख गरी नगरपालिकाको वेवसाइट, फेसबुक पेज वा स्थानीय सञ्चार माध्यम मार्फत कम्तीमा १५ दिनको सूचना प्रकाशन गरी दरखास्त आव्हान गर्नेछ र उक्त सूचना वडा कार्यालय तथा नगरपालिकामा समेत टाँस गरिनेछ ।

(२) प्रतिस्पर्धामा भाग लिन इच्छुक उम्मेदवारले तोकिए बमोजिमको परीक्षा दस्तुर दाखिला गरेको निस्सा सहित तोकिएको समय अवधि भित्र आवश्यक कागजात सहित नगरपालिकाको शिक्षा शाखामा आवेदन पेश गर्नु पर्नेछ ।

(३) छनौट समितिले अनुसूची १ बमोजिमको आधारमा मूल्याङ्कन गरी सबैभन्दा बढी अंक प्राप्त गर्ने उम्मेदवारहरुलाई उम्मेदवारको रोल नं, नाम, थर, ठेगाना, समेत उल्लेख गरी

सफल उम्मेदवारको योग्यताक्रमको सूची प्रकाशन गर्नको लागि नगरपालिकालाई सिफारिस गर्नु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम छनौट समितिले सिफारिस गरेको योग्यताक्रमको सूची नगरपालिकाले प्रकाशन गर्नु पर्नेछ ।

(५) उपदफा (४) बमोजिमको सूची प्रकाशन गर्दा सूचीकृत मूख्य उम्मेदवारलाई नगरपालिकाले ७ (सात) दिनको म्याद दिई करार गर्न सूचना दिनु पर्नेछ ।

१०. **कार्यशर्त, पारिश्रमिक र समय अवधि :** (१) यस कार्यविधि बमोजिम सेवा करारमा सम्झौता गरिएका प्रशिक्षकको मासिक पारिश्रमिक, कार्यशर्त र सेवा सुविधा करार सम्झौतामा उल्लेख भए बमोजिम हुनेछ ।

(२) उपदफा (१) बमोजिम करार गर्दा काम शुरु गर्ने मिति र अन्त्य गर्ने मिति समेत उल्लेख गर्नु पर्नेछ । तर त्यस्तो करारको अवधि ६ महिना भन्दा बढी हुने छैन ।

११. **प्रशिक्षकको आचार संहिता :** (१) प्रशिक्षकले देहाय बमोजिमका आचार संहिताको पालना गर्नु पर्नेछ :-

(क) खेलकुद तथा संगीत प्रशिक्षकले राजनैतिक क्रियाकलापमा संलग्न हुनु हुँदैन र कार्य सम्पादन गर्दा आफ्नो राजनैतिक आस्थाको प्रभाव पर्न दिनु हुँदैन,

(ख) खेलकुद तथा संगीत प्रशिक्षकले आफूलाई दिइएको जिम्मेवारी इमानदारिता पूर्वक पुरा गर्नु पर्नेछ,

(ग) प्रशिक्षकको लागि करार सम्झौतामा तोकिएको बाहेक वा अन्य कुनै निकायबाट सेवा सुविधा उपलव्ध गराउने भनी निर्णय भएको भए सो आवस्थामा बाहेक प्रशिक्षकले कुनै संघ संस्था वा व्यत्तिबाट कुनै सुविधा लिन पाइने छैन,

(घ) खेलकुद तथा संगीत प्रशिक्षकले अनुशासित भई शिष्ट र विधिसम्मत् व्यवहार गर्दै आफुलाई आर्दशवान  नमूना पात्रको रुपमा प्रस्तुत गर्नु पर्नेछ,

(ङ) खेलकुद तथा संगीत प्रशिक्षकले सामाजिक सदभाव र शान्ति व्यवस्था तथा वातावरणीय अनुकूलतामा खलल् पुर्याउने कुनै कार्य गर्नु हुँदैन,

(च) खेलकुद तथा संगीत प्रशिक्षकले नगरपालिका, जिल्ला र राष्ट्रको वृहत्तर हितमा आघात पुग्ने कुनै पनि कार्य गर्न पाइने छैन,

(छ) खेलकुद तथा संगीत प्रशिक्षकले प्रशिक्षणका क्रियाकलापमा नगरपालिका वा विद्यालयले दिएको निर्देशन पालना गर्नु पर्नेछ,

(ज) खेलकुद तथा संगीत प्रशिक्षक पाालुङटार नगरपालिका प्रति उत्तरदायी हुनु पर्नेछ ।

(२) कुनै खेलकुद तथा संगीत प्रशिक्षकले उपदफा (१) बमोजिम आचार संहिताको पालना नगरेमा जुनसुकै बखत नगर कार्यापालिकाको निर्णयबाट करार सम्झौता रद्द गर्न सक्नेछ ।

## परिच्छेद ५

## विविध

**१२. प्रशिक्षकको अनुगमन :** परिचालन गरिएको प्रशिक्षकले गरेको कार्यहरुको अनुगमन शिक्षा, युवा तथा खेलकुद शाखाबाट गरिनेछ ।

**१३. प्रशिक्षकलाई आवश्यक निर्देशन :** प्रशिक्षकलाई अनुगमन तथा रिपोर्टिङको आधारमा शिक्षा, युवा तथा खेलकुद शाखाले आवश्यक निर्देशन दिन सक्नेछ ।

**१४. आर्थिक व्यवस्थापन :** पालुङटार नगरपालिका भित्र प्रचलनमा रहेका संभावना बोकेका खेलहरु जस्तैः भलिवल, कराँते, फुटवल, व्याडमिन्टन, एथलेटिक्स, कवड्डी लगाएतका खेल तथा नृत्यमा आवश्यकताका आधारमा प्रशिक्षक नियुक्ति गर्न सक्नेछ । प्रशिक्षकको पारिश्रमिक तथा सेवा सुविधा पालुङटार नगरपालिकाबाट भुक्तानी गरिनेछ ।

**१५. बैठक भत्ता :** छनौट समितिको सदस्यहरुको बैठक भत्ता र बैठक सम्बन्धी अन्य खर्च नगरपालिकाको आर्थिक ऐन बमोजिम शिक्षा, युवा तथा खेलकुद शाखाले उपलब्ध गराउनेछ ।

**१६. लेखा र लेखा परीक्षण :** (१) आन्तरिक लेखा परीक्षण नगरपालिकाको आन्तरिक लेखा परीक्षकबाट हुनेछ ।

(२) अन्तिम लेखा परीक्षण महालेखा परीक्षक वा निजले तोकेको लेखा परीक्षकबाट हुनेछ ।

**१७. प्रतिवेदन पेश गर्नु पर्ने :** (१) शिक्षा, युवा तथा खेलकुद शाखाले समितिले गरेको वर्षभरिको काम कारबाहीको प्रतिवेदन कार्यपालिकालाई बुझाउनु पर्नेछ ।

(२) कार्यालयले वार्षिक रुपमा प्रतिवेदन सार्वजनिक गर्नु पर्नेछ ।

**१८. नगरपालिकालाई आर्थिक दायित्व सिर्जना गर्न नहुने :** नगरपालिकाको स्वीकृति बिना छनौट समितिले नगरपालिकालाई थप आर्थिक भार पर्ने गरी दायित्व सिर्जना गर्नु हुँदैन ।

**१९. व्याख्या, संशोधन र खारेजी :** यस कार्यविधिको व्याख्या, संशोधन तथा खारेजी गर्ने सम्पूर्ण अधिकार  नगर कार्यपालिकामा निहित रहने छ ।

**२०. प्रचलित कानून बमोजिम हुने :** यस कार्यविधिमा लेखिएमा सम्पूर्ण कुरा यसै कार्यविधि बमोजिम र यस कार्यविधिमा नलेखिएको विषयको हकमा प्रचलित कानून बमोजिम हुनेछ ।

**अनुसूची १**
**(दफा ९ को ३ सँग सम्बन्धित)**
**उम्मेदवारको योग्यता मूल्याङ्कनको आधार**

| क.सं | विवरण | अंकभार |
|---|---|---|
| १ | शैक्षिक योग्यता : ३<br>(क) प्रथम श्रेणी<br>(ख) द्वितिय श्रेणी<br>(ग) तृतिय श्रेणी | <br>३<br>२<br>१ |
| २ | खेल तथा संगीत सम्वन्धी ज्ञान सीप -प्रशिक्षकका रुपमा तालिम/ विद्यालय खेलकुद प्रशिक्षक लाईसन प्राप्त, पूर्व अनुभव तथा खेलाडीका रुपमा पूर्व अनुभवलाई आधार मान्ने ) र अभिवृति | १० |
| ३ | राष्ट्रपति रनिङ शील्ड प्रतियोगितामा खेलाइने खेलको प्रशिक्षक भएमा | १० |
| ४ | खेल प्रशिक्षण व्यवस्थापन | ५ |
| ५ | समुदायसँग घुलमिल हुन सक्ने क्षमता | ५ |
| ६ | स्वयंसेवी भावना | ७ |
| ७ | शारीरिक तन्दुरुस्ती | ५ |
| ८ | स्थानीय वासिन्दा | ५ |
| ९ | अन्तरवार्ता | २५ |
| | जम्मा | ७५ |

आज्ञाले,
गौतम भण्डारी
प्रमुख प्रशासकीय अधिकृत